वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ७ संख्या : ८ मितिः २०८१/०८/०२

## भाग २

# मेयरसँग महिला किसान कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ

(क) यस निर्देशिकाको नाम "**मेयरसँग महिला किसान कार्यक्रम सञ्चालन निर्देशिका "२०८१"** रहेको छ ।

(ख) यो निर्देशिका वीरेन्द्रनगर नगरपालिकाका सबै वडाका लागी लागू हुनेछ ।

(ग) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस निर्देशिकामा

क) "**अनुदान**" भन्नाले उत्पादन, प्रशोधन, मूल्य श्रृखला, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधीकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगीकरण तथा गरीबी निवारण समेतका लागि छनौट भएका

अनुदानग्राहीलाई प्रदान गरीने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामग्री र उपकरण सम्झनुपर्दछ ।

ख) **"अनुदानग्राही"** भन्नाले यस निर्देशिका अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही सम्झनुपर्दछ ।

ग) **"उप मेयर"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाको उप प्रमुख सम्झनुपर्दछ ।

घ) **"ऐन"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ लाई सम्झनुपर्दछ ।

ङ) **"कार्यपालिका"** भन्नाले वीरेन्द्रनगर नगरकार्यपालिकालाई सम्झनुपर्दछ ।

च) **"कार्यक्रम"** भन्नाले यस निर्देशिका बमोजिम सञ्चालन गरीने कार्यक्रम सम्झनुपर्छ ।

छ) **"किसान"** भन्नाले कृषि तथा पशुपन्छीजन्य उत्पादन गरी जिविकोपार्जन तथा व्यवसाय गर्ने किसानलाई सम्झनु पर्छ ।

**ज) "कृषक समूह"** भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहाना भएका न्यूनतम १५ वा बढीमा २५ सदस्य भएको र कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता भएको समूहलाई सम्झनु पर्दछ ।

झ) **"कृषि व्यवसाय"** भन्नाले व्यवसायिक उद्देश्यले गरीने कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन भन्ने सम्झनुपर्दछ ।

ञ) **"खोर"** भन्नाले स्थानीय श्रोत साधनको प्रयोग गरी बनाइएको बाख्रा र कुखुराको खोर सम्झनु पर्दछ ।

ट) **"नगरपालिका"** भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनुपर्दछ ।

ठ) **"निर्देशिका"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाको **मेयरसँग महिला किसान कार्यक्रम सञ्चालन निर्देशिका २०८१** लाई सम्झनु पर्छ ।

ड) **"पकेट क्षेत्र"** भन्नाले अनुसुची ७ मा उल्लेख भए बमोजिमका विभिन्न बाली वस्तुका वडा तथा क्षेत्रहरु सम्झनुपर्दछ ।

ढ) **"पशुपन्छीजन्य पदार्थ"** भन्नाले मासु, अण्डा तथा दुग्धजन्य पदार्थलाई सम्झनु पर्दछ ।



ण) **"फर्म"** भन्नाले कृषि तथा पशुपन्छी व्यवसाय गर्ने उदेश्यले प्रचलित कानून बमोजिम दर्ता/सूचीकृत भएको व्यवसायलाई सम्झनु पर्दछ ।

त) **"बाख्रा"** भन्नाले स्थानीय जातको खरी बाख्रा र **"कुखुरा"** भन्नाले स्थानीय जातको कुखुरा तथा उन्नत न्यूहेम्पसायर र अष्टोलप जातको सम्झनु पर्दछ ।

थ) **"बोका"** भन्नाले स्थानीय खरी जातको अथवा जमुनापारी क्रस जातको प्रजनन् योग्य बोका सम्झनु पर्दछ ।

द) **"भकारो"** भन्नाले गाई भैसीको सुधारिएको बस्ने ठांउ दानापानी खाने डुडलाइ तथा पिसाब बग्ने नालिलाई सम्झनु पर्दछ ।

ध) **"मेयर"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर प्रमुख सम्झनुपर्दछ ।

न) **"यन्त्र/उपकरण"** भन्नाले कृषि तथा पशुपन्छी जन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारिकरणमा प्रयोग हुने मेशिनरी औजार सम्झनु पर्दछ ।

न्) **"रैथाने बाली"** भन्नाले अनुसूची ६मा उल्लेख भए बमोजिमका विभिन्न स्थनीय बालीहरु सम्झनुपर्दछ ।

प) **"लाभग्राही"** भन्नाले यस मापदण्ड अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनैपनि सेवा सुविधा प्राप्त गर्ने महिला किसान्न सम्झनुपर्दछ ।

फ) **"सहकारी"** भन्नाले सहकारी ऐन २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि तथा पशुपालन व्यवसाय सम्बन्धी कार्य गर्ने उद्देश्यले स्थापित सहकारी संस्था सम्झनु पर्दछ ।

## कार्यक्रम र खर्चको मापदण्ड

| मेयरसँग महिला किसान कार्यक्रम | |
|---|---|
| १ | **कार्यक्रमको नाम :- मेयरसँग महिला किसान कार्यक्रम** |
| | **क) कार्यक्रम सञ्चालन हुने वडा** :- वीरेन्द्रनगर नगरपालिकाका १६ वटै वडा |
| | **ख) बजेट:-** प्रत्येक वडामा कम्तिमा १०,००,०००।-(दश लाख) बजेट हुनेछ भने उक्त बजेटमा वडाले समेत साझेदारी गर्न सक्नेछ । |
| | **ग) उद्देश्य :** वीरेन्द्रनगरका महिला किसानहरुलाई कृषि उद्यमशिलतमा जोडी महिला किसानहरुको जीवनस्तर सुधार गर्ने। |
| | **घ) सञ्चालन प्रकिया :-**<br>१) यस कार्यक्रमबाट महिला कृषक समूह, महिला कृषि सहकारी तथा महिला कृषि उघमीहरु लाभान्वित हुनेछन ।<br>२) वडाले अनुसूची १ बमोजिम सूचना प्रकाशन गरेर आ आफ्नो वडाका महिला कृषकहरुको माग संकलन गरी बढि माग आएका तथा वडामा आवश्यक रहेका कार्यक्रमहरु सञ्चालनका लागि वडाले कार्यालय प्रमुख समक्ष उपलब्ध बजेटको परिधिभित्र रही लागत स्टमेट तथा कार्य योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।<br>३) ततपश्च्यात वडाकै अनुगमन समिति मार्फत स्थलगत अनुगमन गरी आवश्यकता अनुसार महिला कृषक (लाभग्राही) छनौट गरीनेछ। कार्यक्रम सञ्चालनका लागि लाभग्राही समूह सहकारी तथा फर्म छनौट गर्दा सिमान्तकृत, साना, विपन्न,अपाङ्ग तथा पिछडिएका युवा महिला तथा महिला कृषकहरु प्रथामिकरणमा राखी छनौट गर्नु पर्नेछ ।<br>४) संरचना निर्माण (प्लास्टिक टनेल सिचाई कुलो ईनार तथा पोखरी निर्माण रष्टिक निर्माण संकलन केन्द्र निर्माण गाईभैसीको भकारो, कुखुराको खोर, बाखाको खोर, माछा पोखरी, मासु पसल, डेरी पसल आदि) को हकमा सम्बन्धित वडाको प्राबिधिकले लागत स्टमेट गरी प्रमुख प्रशासकिय अधिकृत वा निजले अधिकार प्रत्यायोजना गरेको कर्मचारी मार्फत स्विकृत गराई छनौट भएका कृषक, कृषक समूह तथा सहकारीसंग वडाकार्यालयले सम्झौता गर्नेछ र निर्माणको कार्य स्वयम लाभग्राही आफैले तोकिएको स्टमेट तथा सम्झौताको आधारमा तोकिएको समया अवधिभित्र काम सम्पन्न गर्नु पर्नेछ ।<br>५) कृषि जन्य उत्पादन सामग्रीहरु (टनेलका लागि प्लास्टिक, नर्सरी प्लास्टिक पोली ब्याग ग्रो ब्याग गमला बिउ, मल, विषादि, भिटामिन फेरोमन ट्याप, ल्यूर, स्प्रे ट्याङ्कि, झारी, पाईप, गार्डेन पाईप, मोटर, पम्पसेट, काउम्याट, घांस काट्ने मेसिन, मिल्क क्यान, माछा सुकाउने मेसिन, बाखा, बोका, कुखुरा, बंगुर)को हकमा बजेटको परिधि भित्र रही वडा कार्यालयले लागत स्टमेट सहित माग फारम भरी जिन्सी शाखासंग माग गरी कार्यालय प्रमुखसँग स्विकृत गराई कृषि तथा पशुपन्छी शाखाको समन्वयमा जिन्सी शाखाले खरिद गरी सामाग्री वडालाई हस्तान्तरण गर्नेछ ।<br>६) त्यसैगरी मिनि टिलर पावर टिलर च्याफ कटर र अन्य ठुला मेशिनरी औजारको हकमा वीरेन्द्रनगर नगरपालिकाले स्विकृत गरेको दर रेटमा रही बढिमा ६०% (साठ्ठी प्रतिशत)रकम अनुदानमा उपलब्ध गराउने गरी कृषक समूह वा सहकारी संग सम्झौता गर्नु पर्नेछ ।<br>७) यसरी अनुदान रकम उपलब्ध गराउदा कृषकले सामग्री खरिद गरीसकेपछी वडाको अनुगमन समितीको भुक्तानी सिफारिस र फिल्ड फोटो पछि मात्र कार्यालयले भुक्तानी गर्नेछ । |
| | **ग) प्रमुख क्रियाकलापः**<br>१) करेसा बारी, कौशि खेती तथा व्यवसायिक तरकारी खेतीका लागि कृषि जन्य बस्तु उत्पादन सामग्री (तरकारी बिउ, च्याउ बिउ, टनेलका लागि प्लास्टिक, झारी, स्प्रे ट्याङ्कि, गार्डेन पाईप, मल, गुमोजका लागि प्लास्टिक, पोलि व्याग, विषादि, गमला आदि) मध्य माग तथा आवश्यकता अनुसारका सामग्री वितरण ।<br>२) व्यवसायिक तरकारी खेती प्रबर्द्धनका लागि कच्चि तथा पक्कि टनेल निर्माण ।<br>३) व्यवसायिक तरकारी खेती प्रबर्द्धनका लागि मेशिनरी औजार(पावर टिलर मिनी टिलर वितरण ।<br>४) च्याउ प्रबर्द्धन कार्यक्रमका लागि टनेल निर्माण । |

५) फलफुल व्यवसाय प्रबर्द्धनका लागि फलफुल बिरुवा वितरण ।
६) साना सिंचाई कार्यक्रम अन्तर्गत कुलो निर्माण, पोखरी निर्माण, पाईप मोटर पम्पसेट वितरण ।
७) माग बमोजिम मौरी घार तथा मह उत्पादन तथा बजारीकरण सामग्री वितरण ।
८) आवश्यकता अनुसार प्रविधिमा आधारित कृषि तथा पशुपंछी पालन सम्बन्धी तालिम सञ्चालन।
९) पशु तथा पंछी पालन व्यवसायका लागी खोर गोठ निर्माण तथा सुधार, तथा अन्य संरचना निर्माण (ट्रेबिज र डिपिङ ट्याङ्क) र घाँस बिउ वितरण ।
१०) दुध, मासु र अण्डा उत्पादन प्रोत्साहनका लागि नश्ल सुधार तथा बजारिकरणका लागि आवश्यक सामग्री, औजार उपकरण वितरण ।
११) माछा पालन प्रबर्द्धन कार्यक्रम (भुरा पोखरी निर्माण तथा अन्य सामग्री)

**नोटः- पचास हजार भन्दा कम रकम खर्च हुने साना क्रियाकलापहरु सञ्चालन गर्न पाईने छैन ।**

**घ) अनुदान रकम प्रतिशत र अधिक्तम सीमाः**

१) प्रति कृषक घर धुरी बढिमा रु १,५०,००० (एक लाख पचास हजार) बराबरको उत्पादन सामग्री वा औजार वा उपकरण उपलब्ध गराईनेछ भने सामुहिक कार्य गर्दा अधिकतम सीमा तोकिने छैन र कार्यक्रम सञ्चालन गर्दा प्रति वडा कम्तिमा रु १०,००,००० (अक्षरुपी दश लाख) खर्च गर्न सकिनेछ ।
२) कृषक, कृषक समूह तथा सहकारीलाई कुनैपनी उत्पादन सामग्री, औजार,उपकरण तथा संरचना निर्माणमा बढिमा ६०%(साठी प्रतिशत) अनुदानमा उपलब्ध गराईनेछ ।
३) उक्त कार्यक्रम सञ्चालनका लागि रकम तथा सामग्री साझेदारीका लागि वडा आफैले थप वा अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले समेत साझेदारी गर्न सक्नेछन।



४) सीपमुलक तथा व्यवसायिक कृषक तालीमहरु निशुल्क रुपमा उपलब्ध गराउनु पर्नेछ ।

**(ङ) न्युनतम मापदण्डः**

१) कार्यक्रममा निजि महिला उद्यमी, महिला कृषक समूह वा कृषि उत्पादन तथा बजारीकरण सम्बन्धी कार्य गर्ने सहकारी अन्तर्गतका महिला समूहहरु समावेश हुनेछन ।
२) वडा कार्यालयले अनुसुचि १ बमोजिम कम्तिमा १५(पन्ध्र) दिनको सुचना प्रकाशन गरी अनुसूची २ र ३ बमोजिम प्रस्ताव तथा कागजात संकलन गर्नुपर्नेछ।
३) निजि उद्यमी, समूह वा सहकारी नगरपालिका वा वडामा दर्ता नवीकरण तथा सूचिकृत भएको हुनु पर्नेछ ।
४) वडाको अनुगमन समितिले अनुसुची ४ बमोजिम प्रस्तावहरुको मुल्याङ्कन गरी कृषक, कृषक समूह तथा सहकारी छनौट गर्नेछ ।
५) सहकारीको हकमा उक्त सहकारी बाट लाभान्वित हुने महिला समूहलाई पहिले सूचना प्रकाशन पछि प्रस्ताव वा निवेदन पेश गर्दा नै एकिन गरी सिफारिस गर्नु पर्ने छ ।
६) कार्यक्रम सञ्चालनका लागि वडाबाट साझेदार हुने बजेटबाट लाभान्वित कृषक समूह, कृषि सहकारी वा निजि उद्यमीले प्रशासनिक खर्च, बैठक, भ्रमण जस्ता कुनै पनि खर्च नगरी कृषकलाई सोझै मेशिनरी औजार, संरचना निर्माण तथा उत्पादन सामग्रीमा कृषकलाई ६० % (साठी प्रतिशत) अनुदानमा उपलब्ध गराउनु पर्नेछ ।
७) कार्यक्रममा कम्तीमा प्रति वडा २०(बीस) घरधुरीलाई समेट्नुपर्ने, र कार्यक्रम सञ्चालन गर्दा सम्भव भएसम्म एउटै कलस्टर वा समूह वा सहकारीलाई केन्द्रित गरी गर्नु पर्नेछ जसले गर्दा एक महिलाको समूहनै व्यवसायिक कृषक समूह बनोस।
८) कार्यक्रम सञ्चालनका लागि कृषक संग सम्झौता गरी खरिद गर्नु पर्ने मेशिनरी औजार, प्लाष्टिक टनेल निर्माण, तथा अन्य संरचना निर्माण(कुलो, पोखरी, ईनार, गोठ, खोर आदि) को हकमा सार्वजनिक

| | |
|---|---|
| | खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली २०६४ बमोजिम प्रक्रिया पुऱ्याई सामग्री खरिदमा कार्यालयले निर्दिष्ट गरेको दररेट मा नबढ्ने गरी तथा निर्माणको हकमा स्विकृत लागत स्टमेट बमोजिम हुने गरी लाभग्राहिले वडा कार्यालय संग सम्झौता गरी कृषक, कृषक समूह वा कृषक सहकारी आफैले ४०%(चालिस प्रतिशत) लागत साझेदारी गरी खरिद प्रक्रिया गर्न सक्नेछ भने सम्झौता गर्न नपर्ने प्रकृतीका कार्यक्रममा वडा कार्यालयले आफैले खरिद गरी ४०% (चालिस प्रतिशत) रकम कृषकबाट संकलन गरी सामग्री वितरण गर्न सक्नेछ ।<br>९) सम्भव भएसम्म स्थानीय स्रोतसअक्षमता र जनशक्ति, सीप, साधनको प्रयोग गर्नुपर्ने छ । |
| | **अनुगमन मुल्याङ्कन तथा नियमन** :- अनुगमन, मूल्याङ्कन तथा नियमनको पूर्ण जिम्मेवार वडाको अनुगमन समिति र विषयगत शाखाको संलग्नतामा नगरपालिकाको योजना अनुगमन तथा सुपेरिबेक्षण समिति रहनेछ । |



**अनुसूची -१**

प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**वीरेन्द्रनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
........................................, सुर्खेत

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः- ..............................

यस नगरपालिकाको आ.व. ..................... को बार्षिक स्वीकृत कार्यक्रम ................................................................ अनुसार निम्न लिखित कार्यक्रमहरु **मेयरसँग महिला किसान कार्यक्रम सञ्चालन निर्देशिका, २०८१** बमोजिम लागत सहभागितामा कार्य गर्न ईच्छुक व्यवसायिक फार्म, कृषक, कृषक समूह, कम्पनी, निजी उद्दमि, कृषि सहकारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा प्रस्ताव पेश गर्नु हुन आव्हान गरीन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स. | कार्यक्रम | संख्या | बजेट रु |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची - २
## निवेदनको ढाँचा

श्री ................................ ज्यू,
वीरेन्द्रनगर नगरपालिका................, सुर्खेत

विषयः कार्ययोजना पेश सम्बन्धमा ।

महोदय,

सेवामा निवेदन गर्नाको कारण यो छ कि तहाँ वडा कार्यालयको मिति .................. गते प्रकाशित सूचना अनुसार मैले/हामी निवेदकले .................................................... कार्यक्रम सहकार्यमा सञ्चालन गर्न ईच्छुक भई अनुसूची ३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं।

<u>निवेदकः</u>

नामः .........................................
ठेगानाः ....................................
फर्मको नामः ..............................
दस्तखतः ...................................
मितिः ........................................
सम्पर्क नं. : ...............................



## अनुसूची - ३
## प्रस्ताव पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु

१. नेपाली नागरीकताको प्रतिलिपि,
२. अनुसूची २ अनुसारको ढाँचामा निवेदन,
३. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ बर्षको सम्झौता पत्रको प्रतिलिपि),
४. प्रचलित कानून अनुसार निजि फर्म, समूह तथा कृषि सहकारी दर्ता वा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
५. नगरपालिका वा वडा कार्यालय व्यबसाय दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
६. स्थायी लेखा नम्बर भएको वा भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
७. प्रस्तावकले कम्तिमा ६०% (साठ्ठी प्रतिशत) लागत सहभागिता गर्ने प्रतिवद्धता पत्र,
८. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाईन तथा लागत अनुमान,
९. शैक्षिक योग्यता, तालीम, अनुभव अपाङ्ग, विपन्न तथा बैदेशिक रोजगारीबाट फर्केको भए प्रमाणित प्रतिलिपि।

## अनुसूची - ४

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. नगरपालिका :-

२. आवेदक महिला कृषि समूह, सहकारी तथा निजि उद्यमीको नामः-

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः-

४. प्रस्तावित कार्यक्रमको नामः-

५. मूल्याङ्कनका आधारहरु

| क्र. स. | विवरण | भार | प्रासाङ्क | कै. |
|---|---|---|---|---|
| १ | दलित, जनजाती महिला कृषक समूह | १० | | |
| २ | महिला कृषक समूह/सहकारी | १० | | |
| ३ | कृषि सहकारीबाट सिफारिस लाभाम्वित महिला समूह | ७ | | |
| ४ | निजी महिला उद्दमी/फर्म | ५ | | |
| ५ | विपन्न तथा अपाङ्ग महिला कृषक समूह | १० | | |
| ६ | हाल सम्म कुनै पनि सरकारी निकायबाट सम्बन्धित अनुदान नलिएका समूह सहकारी वा फर्म | १० | | |
| ७ | कम्तिमा ६ महिना अघि दर्ता गरी सक्रिय रुपमा काम गरीरहेका | ५ | | |
| ८ | कृषक समूहले एउटै कलस्टरमा काम गरेका | ८ | | |
| ९ | प्रस्तावित कार्यले रोजगारीको अवसर सृजना गर्ने सम्भावना | ५ | | |
| १० | प्रस्तावकको आवश्यक कागजातको प्रक्रिया पुरा भएको | १० | | |
| ११ | कृषक समूह तथा सहकारीको हकमा पाना नं लिएको र निजि फर्मको हकमा नगरपालिका वा वडामा व्यवसाय दर्ता गरेको कागजात | १० | | |
| १२ | वीरेन्द्रनगर नगरपालीकाले छुट्टाएको बाली / वस्तु पकेट क्षेत्र अनुसार बाली वस्तु समाबेश भएको | १० | | |
| | जम्मा | १०० | | |



## अनुसूची - ५

### वीरेन्द्रनगर नगरपालिकाले सम्भाव्यताका आधारमा विभिन्न बालीका पकेट क्षेत्र छुट्टाईएका वडा तथा क्षेत्रहरु

| क्र. स. | बाली तथा वस्तु | छनौट गरीएको वडा नं | स्थान तथा टोल |
|---|---|---|---|
| १ | मासु (बाखा, खसी, बोका) | १३ ,१५ र १६ | सबै क्षेत्र |
| २ | कुखुरा (ब्रोईलर तथा अण्डा) | १ देखी १३ सम्म | सबै क्षेत्र |
| ३ | स्थानीय कुखुरा | १३, १४, १५ र १६ | सबै क्षेत्र |
| ४ | दुध (गाई, भैसी) | २,१२, १३,र १४ | १२ को खोरीया टोल |
| ३ | मौसमी तथा बेमौसमी तरकारी | २ | दौलतपुर, जैपुर, कोलडाँडा, भातेकुना भुरेली |
| | | ३ | ईटौरा, पतेनी, मुलपानी, मसुरीखेत |
| | | ४ | भैरवस्थान |
| | | ९ | तिलपुर, कालीमाटी, अलायचौर, पर्सेनी |
| | | १० | घुस्रा, नयागाउ, बामेखोला |
| | | ११ | चारकुने, मनिकापुर, गाग्रेताल |
| | | १३ | करेखोला, इन्द्रपुर, सितापुर, कुनाखेत |
| | | १५ | पारेगाँउ, रतु |
| ४ | आलु | ९ ,१०, ११, १३, १४, १५ र १६ | तिलपुर, गुसीपुर अलायचौर, घुस्रा, रहरपुर मनिकापुर, चारकुने, नलखोला, चन्दने, रातानाङ्ला, काफलटाकुरा, पंगालीडाँडा, भालु खोला, झल्से खोला, माथिल्लो मेहेली ,लेहेडा |

| क्र.स. | बाली तथा वस्तु | छनौट गरीएको वडा नं | स्थान तथा टोल |
|---|---|---|---|
| ५ | अदुवा, वेसार | १६ | मेहेली, गर्पन, बांह्रघर, सानीलेख, सिरेनी |
| | च्याउ | २ ३ ८ ९ १० ११ | |
| | मौरी | ८ ९ १० ११ १२ १३ १४ १५ र १६ | |
| ६ | रैथाने बाली | ९, १० ,१२, १३, १४, १५ र १६ | सत्यकाँडा, सानो सुर्खेत, खोरिया टोल १३, १४ ,१५ र १६ का सबै क्षेत्र |

वडा नं १, ५, ६, ७ र ८ लगाएत माथि का पकेट क्षेत्रमा नपर्ने सबै वडाका क्षेत्रहरुमा शहरी क्षेत्र विंस्तार तथा जमिन खण्डीकरण भईरहेकोले खाद्य पोषण सुरक्षाका लागि जुनसुकै बाली वस्तुहरुको उत्पादनका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।



## अनुसूची - ६
## सम्झौता पत्रको ढाँचा

वीरेन्द्रनगर नगरपालिका वडा नं ......कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र बिशिष्टताको आधारमा छनौट भएका कृषक, कृषक समूह वा सहकारी (यसपछि दोश्रो पक्ष) भनिने बीच तपसिलको शर्तहरु पालना गर्ने/गराउने गरी यो द्विपक्षिय सम्झौता गरीएको छ ।

<u>तपसिल</u>

१) यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।

२) पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय सञ्चालनका लागि कार्ययोजना अनुसार कुल रकम रु. .................. (अक्षेरुपी ......................................) मध्ये बढीमा ६०% (साठी प्रतिशतले) हुन आउने रु. ................ (अक्षेरुपी .......................................) रकम अनुदान स्वरुप उपलब्ध गराउने छ र बाँकी रकम दोश्रो पक्षले बेहोर्नु पर्नेछ ।

३) कार्य प्रगति तथा प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा कार्य सम्पन्न पश्चात अनुदान रकम एकमुष्ठ उपलब्ध गराईनेछ ।

४) दोश्रो पक्षले प्रस्तावमा पेश गरेको बाहेक अन्य सामाग्री खरिद गर्न पाउने छैन ।

५) दोश्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा अनुदान रकम र लागत साझेदारी सहितको विस्तृत विवरण झल्किने गरी सबैले देखे स्थानमा होडिङ्ग बोर्ड राखु पर्नेछ र खरिद गरेको सामाग्री प्रत्येकमा अनुदान रकम झल्कने गरी स्टिकर टाँस गर्नु पर्नेछ ।

६) पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे/नगरेको अनुगमन गर्नेछ ।

७) यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप र भवितब्य भएमा पूर्ण जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

८) सम्झौता भएको मितिले ७(सात) दिन भित्र लागत ईष्टिमेट अनुसार कार्य शुरु गरी सक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

९) दोश्रो पक्षले यहि मिति .................................. भित्र लागत ईष्टिमेट अनुसार कार्य सम्पन्न गरी सक्नु पर्नेछ ।

१०) दोश्रो पक्षले पहिलो पक्षबाट अनुदान रकम लिई सके पछि कम्तिमा पनि ५ बर्ष व्यवसाय गर्नु पर्नेछ यदि व्यवसाय सञ्चालन नगरेमा प्रचलित कानून बमोजिम हुनेछ ।

११) लाभग्राहिले कार्यक्रम सञ्चालनमा १,००,०००।- (एक लाख) भन्दा बढिको खरिद गर्नु पर्ने कार्यहरुको हकमा कम्तिमा ३ गोटा फर्म वा कम्पनी बाट स्पेशिफिकेशन खुलाई खुला कोटेशन मार्फत खरिद प्रक्रिया गर्नु पर्नेछ ।

१२) श्रममुलक योगदान बाहेक खरिद सम्बन्धि योगदानमा दोस्रो पक्षको आफ्नो लागत सहभागिताको ४० % (चालिस प्रतिशत) अंश रहेनेछ ।

१३) यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागू हुनेछ ।

*उल्लेखित शर्तहरु पालना गर्न/गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गरी लियौं/दियौं*

| दोश्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट (वडा नं.... कार्यालय) |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| ठेगानाः | |
| पदः | पदः |
| संस्थाको नाम र छापः | कार्यालयको छापः |

इति सम्वत् ...................... साल .................. महिना ..............गते रोज ........ शुभम्।

आज्ञाले,
**लक्ष्मी प्रसाद बास्कोटा**
प्रमुख प्रशासकीय अधिकृत